# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np


प.सः २०८१।८२
च.नं :

मितिः २०८१/११/०१

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तह मातहतमा रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले आफू बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरुसहित मिति २०८१/११/३० गतेभित्र तोकिएको ढाँचामा निबेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ | निवेदन सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र पैयूँ गाउँपालिका वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिन्छ | निवेदन दिनको लागी न्यूनतम योग्यता र आवस्यक कागजातहरु तपशिल बमोजिम रहेका छन् |

तपशिलः

१. नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक बार्षिक आय भन्दा कम आम्दानी रहेका ।

२. बेरोजगार व्यक्ति १८ वर्ष उमेर पूरा भई ५९ बर्ष उमेर ननाघेको ।

३. सम्बन्धित व्यक्तिको नागरिकताको फोटोकपी १ प्रति ।

४. सम्बन्धित व्यक्तिको फोटो १ प्रति ।

५. परिवारका सम्पूर्ण व्यक्तिको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति,नागरिकता नम्बर,जारी मिति,शैक्षिक योग्यता,रोजगारीको अवस्था)।

६. नागरिकता जारी जिल्ला फरक भएका निवेदकका लागी आवश्यकता अनुसार बिवाह दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

७. सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्बर ।

८. बैंक खाताको बिवरण ।

नोटः गत बर्ष निबेदन दिएका तर काम नपाएका,चालु आ.व.मा काम गरेका व्यक्तिहरुले पनि न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिनुपर्नेछ ।

जिवन गैरे
प्रमुख प्रशासकिय अधिकृत

जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत